करैयामाई गाउँपालिका
Karaiyamai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madhesh Province, Nepal)
स्था. २०७३ (Estd. 2073)

पत्र संख्या/Letter No: ०८३/०८४ (सू.प्र.शा.)

चलानी नं./Ref. No.:: 606

मिति/Date:.....२०८३/०७/११....

रसुवा भोटेकोशी बाढीबाट बेपत्ता भएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गर्ने सम्बन्धमा ५ दिने सूचना

प्रस्तुत विषयमा मिति २०८३/०५/१० गते रसुवा भोटेकोशी क्षेत्रमा आएको बाढी तथा विपद्का कारण बेपत्ता/सम्पर्कविहीन भएका व्यक्तिहरूको विवरण **रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३** बमोजिम गर्नुपर्ने भएकाले यस गाउँपालिका क्षेत्रभित्र उक्त बाढी तथा विपद्का कारण बेपत्ता भएका व्यक्तिहरूको विवरण यकिन गर्न सम्बन्धित परिवार, हकवाला तथा सरोकारवालाहरूबाट आवश्यक प्रमाण तथा कागजात सहित ५ (पाँच) दिन भित्र तोकिएको ढाँचामा वडा कार्यालयमा गएर निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिनेछ ।

.....

रमेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

रमेश अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
श्री वडा कार्यालय (१-८)सबै,
करैयामाई गाउँपालिका, बारा।

निवेदनको ढाँचा

मितिः...../...../....

श्री वडा अध्यक्षज्यू,
.....वडा समितिको कार्यालय,
.....पालिका।

विषयः बेपत्ता कायम गरी पाऊँ।

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० को रसुवा भोटेकोशी बाढीको समयमा.....प्रदेश .....जिल्ला.....पालिका.....नं. वडा स्थायी ठेगाना भएका .....को नाती /नातिनी /बुहारी, ...को छोरा /छोरी /बुहारी वर्ष.....को श्री ..... मिति २०८३-०५-१० गते .....स्थानमा .....प्रयोजनको लागि रहनुभएको /जानुभएकोमा बाढीमा परी हालसम्म पनि बेपत्ता रहेकोले निजको नाम बेपत्ता व्यक्तिको सूचीमा सूचीकृत गराइदिनु हुन अनुरोध छ।

निवेदक

(नाम र सहीछाप)

दाँया	बाँया

संलग्न कागजातहरू

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात)
२. एकाघर परिवारका सदस्य नभएकाको हकमा माथि खण्ड (क) को बुँदा नं. ३ मा उल्लेख भए बमोजिमको निवेदन।
३. बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात।
४. स्वघोषणा।
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर
६. बेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म)।

कार्यकारी प्रमुख

स्वघोषणाको ढाँचा

मितिः ...../...../.....

श्री वडा अध्यक्षज्यू,
.....वडा समितिको कार्यलय,
.....पालिका

विषयः स्वघोषणा ।

रसुवा भोटेकोशी बाढीमा परी.....प्रदेश .....जिल्ला.....पालिका.....नं. वडा स्थायी ठेगाना भएका .....को नाति /नातिनी /बुहारी, ...को छोरा /छोरी /बुहारी वर्ष.....को मेरो .....नाता पर्ने श्री ..... मिति २०८३-०५-१० गते .....स्थानमा बेपत्ता भई सम्पर्कमा नरहेको बेहोरा अनुरोध छ। निजको बेपत्ताको कारण भोटेकोशी रसुवा बाढीबाहेक अन्यथा नरहेको बेहोरा स्वघोषणा गर्दै पेश भएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

निवेदक

(नाम र सहीछाप)

दायाँ	बायाँ

कार्यकारी प्रमुख